# वेदकोट नगरपालिका

## मदिरा विक्रि  वितरण ,व्यवस्थापन तथा नियमन निर्देशिका २०७५

**प्रस्तावना**

यस वेदकोट नगरपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन,विक्री वितरणमा रोकथाम, नियन्त्रण गर्नुका साथै  मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले स्थानीय

सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम वेदकोट नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेदः- १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नामः " मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका २०७५ " रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

### २) परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई संझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले वेदकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले वेदकोट नगरपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगर कार्यपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "मदिरा"भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा दर्ता भएको कुनै निश्चित फर्म वा कम्पनी बाट उत्पादित स्वदेशी सबै किसिमको मदिरा र बियर समेतलाइ जनाउंछ ।

(च) "डिलरवाला भन्नाले" वेदकोट नगरपालिका भित्र मदिराको थोक बिकी गर्ने अनुमती प्राप्त बिर्केतालाइ सम्झनु पर्दछ ।

(छ) "होटल भन्नाले" भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुराँ समेतलाइ जनाउंछ ।

(ज) "सभा" भन्नाले नगरपालिकाको सभा लाइ सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ञ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनुपर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगर कार्यपालिकाको कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनु पर्दछ ।

(ड)"वडा अध्यक्ष" भन्नाले तत् वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) "सचिव" भन्नाले वेदकोट न.पा. कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ण) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(त)“समिति”भन्नाले प्रत्येक वडामा गठित **वडा स्तरिय मदिरा व्यवस्थापन समिति** लाई सम्झनु पर्दछ ।

(थ)“मूल समिति“ भन्नाले वेदकोट नगरपालिकामा गठित वेदकोट नगरपालिका मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समिति लाई  सम्झनु पर्दछ ।

## परिच्छेदः–२
## समिति गठन सम्बन्धि व्यवस्था

**३)** मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगरपालिकाको नगर उप–प्रमुख | संयोजक |
| (ख) वडा अध्यक्षवाट नगर प्रमुखले तोकेका ५ जना | सदस्य |
| (ग) नगर प्रहरी । चौकी कार्यालयको प्रहरी प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत | सदस्य |
| (घ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष | सदस्य |
| (ङ) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघ संस्था,आमा समुह वाट ५ जना(महिला सहित) नगर कार्यपालिकाले तोकेको | सदस्य |
| च) उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| छ) मदिरा व्यवसाय समितिको अध्यक्ष | सदस्य |
| (ज) प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

**५.** मूल समितिको काम कर्तव्य र अधिकार

क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि नगरमा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस निर्देशिका लाई कडाइका साथ लागु गर्ने गराउने ।

घ) यो निर्देशिका विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

**६.** वडा समितिको गठन मदिराको विक्री वितरण लाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए बमोजिम वडा स्तरिय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु सदस्य

(ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी सदस्य

(घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्ये संयोजकले तोकेको महिला सहित ३ जना सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था,आमा समुहको प्रतिनिधि, युवा क्लब मध्ये महिला सहित वडा अध्यक्षले तोकेको २ जना व्यक्ति सदस्य

(च) व्यवसायीहरु मध्ये बाट १ जना सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

**७.** वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः

क) वडामा यस निर्देशिका वमोजिम मदिरा बिक्री वितरण सेवन भएको छ छैन सो को अनुगमन गर्ने र सो को जानकारी मूल समितिलाई दिने ।

ख) यस निर्देशिका बमोजिम मदिराको विक्री वितरण सेवनलाई व्यवस्थित गर्ने प्रभावकारी कार्यान्वयन गर्ने ।

ग) यस निर्देशिकाको पालन नगर्ने लाई यस निर्देशिका वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस निर्देशिका वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेदः–३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

**८.** यस निर्देशिका विपरित मदिरा विक्री वितरण र सेवन गर्ने ब्यक्ती/फर्मबाट यस निर्देशिका बमोजिम उठेको जरिवाना रकमको ५० प्रतिशत वडा समितिमा र ५० प्रतिशत यस समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

क) कोषको संचालन मदिरा व्यवस्थापन कोषको संचालन नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ ।

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवाना वाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

**९.**क) कोषको रकम नगरपालिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ ।

१) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तीलाई आर्थिक सहयोग गर्ने ।

२) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

३) बेवारिसे ब्यक्ती मरी लाश सदगद गर्नु परेमा आवश्यक खर्च गर्ने ।

४) नगरपालिकाले उचित ठहर्‍याएको अन्य समाजिक सेबामा खर्च गर्ने ।

५) मदिरा सेवन नगर्न जनचेतना मुलक कार्यक्रमहरुमा फलदायि खालका कार्यक्रमहरु संचालन गर्ने ।

९ ख) वडामा रहेको ५० प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली ,समिति संयोजक र सदस्य सचिवको संयुक्त दस्तखत वाट संचालन गरि माथी उल्लेखित क्षेत्रमा आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

## परिच्छेदः–४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

**१०**.मदिराको विक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) थोक विक्रेताले विहान १०:०० वजे देखी वेलुकी ६:०० वजे सम्म ,खुद्रा विक्रेताले अपरान्ह ३:३० वजे देखी राति ८:३० वजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले अपरान्ह ४:०० वजे देखी रात्री ९:०० वजे सम्म मात्र बेच विखन गर्न पाइनेछ ।

ख) वेदकोट नगरपालिकाले मुख्य वजार क्षेत्र तोकिएको स्थान वाहेक सार्वजनीक स्थान विद्यालय, स्वास्थ्य संस्था, मठमंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट २०० मिटर भित्र वेचविखन गर्न पाईने छैन ।

ग) मदिरा विक्री वितरणको कारोवार अनुमति लिएकाहरुले सो वाहेक सोहि ठाउंमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन ।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ ।

छ) २१ वर्ष भन्दा मुनीका व्यक्तिलाई मदिरा विक्री वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ज) वडा समितिले मदिरा व्यवसायको लागी सिफारिस गर्दा अनिर्वाय रुपले टोल विकास संस्थाको सिफारिस,आमा समूहको सिफारिस तथा सर्जमिन मुचुल्का पेश गर्नु पर्ने छ ।

झ) सार्वजनिक समारोह, विवाह, उत्सव लगायतमा मदिरा निषेध गरिएको छ । सरकारी मात्र नभएर सार्वजनिक निकायबाट समेत आयोजना हुने कार्यक्रममा मदिराजन्य पदार्थको प्रयोग र वितरण पूर्ण रुपमा निषेध गर्ने ।

ञ) फुटकर मदिरा किन्नेले एक दिनमा न्यूनतम एक लिटर भन्दा बढी खरिद गर्न नपाईने ।

ट) सार्वजनिक, शैक्षिक, पर्यटकीय, खेलकुद, मनोरन्जन स्थलहरू, निश्चित धार्मिक, पुरातात्विक, ऐतिहासिक स्थलहरू र स्थानीय सरकारले आवश्यक ठानेका अन्य स्थानलाई मदिरा उत्पादन, बिक्री वितरण र सेवन निषेधित क्षेत्र तोक्न सक्ने ।

ठ) गर्भवती महिलालाई मदिरा खरिद बिक्री र सेवन गर्न समेत निषेध गर्ने ।

ड) बालबालिका र महिलालाई बलजफ्ती मदिरा खुवाउन नपाइने ।

**११**.कारवाही सम्बन्धी ब्यबस्थाः- यो निर्देशिका विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रु.५०००।- जरिवाना

ख) दोश्रो पटक रु.१०,०००।- जरिवाना

ग) तेश्रो पटक रु.२०,०००।- जरिवाना

- माथि उल्लेखित मदिरा बिक्रेताहरुले आफ्नो कारोबार माथि निर्देशिका बमोजिम बिक्रि बितरण नगरेमा निर्देशिका बमोजिम कारबाही गरिनेछ ।
- अन्तरिक राजश्व कार्यालय वाट दिएको अनुमतिहरु पुनः संसोधन गर्न लगाउने ।
- घरेलु मदिरा बिक्री बितरणलाई पूर्ण रोक लगाउने ।

घ) सो भन्दा वढी पटक भएमा इजाजत पत्र खोरज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

**१२**.यस निर्देशिका विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्वल्याउने, झै-झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको/हिडेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछ ।

क) पहिलो पटक लाई रु.१,०००।- जरिवाना

ख) दोश्रो पटक लाई रु.२,०००।- जरिवाना

ग) तेश्रो पटक लाई रु.५,०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा रु.१०,०००।- जरिवाना गरिनेछ ।

१२.१ वेदकोट नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी तथा स्वयमसेवीका, आमा समुह लगायत विना ईजाजत वा अनुमति विना मदिरा वेचविखन गर्ने वा कर्मचारिले कार्यालय समयमा सेवन गरेको पाईएमा यसै निर्देशिकाको दफा १२ मा भएको दण्ड जरिवाना सहित थप कारवाही गर्न सक्नेछ ।

१२.२ यदी कुनै व्यीक्तले उपरोक्त अनुसारको जरिवना तिर्न नचाहे निजलाई वडा कार्यालय तथा नगरपालिका वाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ ।

१२.३ वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफारिस,आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का आवश्यक हुनेछ ।

**१३.**नगरवासीको कर्तब्यः– यो निर्देशिकालाइ परिपालन गर्नु गराउनु प्रत्येक नगरबासीको कर्तब्य हुनेछ ।

१४. यो निर्देशिका लागू गर्नु पूर्व सर्वसाधारणको जानकारीको लागि स्थानीय पत्र पत्रिकामा प्रकाशित गरिनेछ ।

१५. निर्देशिका अर्न्तगत रहि यो निर्देशिका कार्यान्वयन गर्न नगरपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

१६. मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागी नगरपालिकाले आवश्यकता अनुसार कार्यविधी बनाइ लागु गर्न सक्नेछ ।